सुर्यगढी गाउँ कार्यपालिकको कार्यालय
चोकदे नुवाकोट ,
प्रदेश नं.३, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

(सुचना प्रकाशित मिति :२०७५/७/१६)

३ नं. प्रदेश सरकारको "प्रदेश सरकारको पहिचान, नागरीकलाई निशुल्क कानुनी सहायता अभियान" कार्यक्रम अन्तर्गत मिति २०७५।०६।०५ को प्रदेश नं. ३ को आन्तरिक मामिला तथा कानुन मन्त्रालयको करार सेवा लिने सम्बन्धी सुचना प्रकाशित हुँदा तोकिएको समयमा यस गाउँपालिकाको कार्यालयमा कुनैपनी दरखास्त नपरकोले सुर्यगढी गाउँपालिकाको लागी कानुनी सहजकर्ता पदमा देहायको संख्या र योग्यता भएको व्यक्ति करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र कार्यलय समयमा दरखास्त दिन हुन सम्वन्धित सवैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य–विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा यस कार्यलयको वेवसाइट www.suryagadhimun.gov.np बाट उपलब्ध हुनेछ ।

| पद नाम | संख्या |
|---|---|
| काननी सहजकर्ता | १ |

**२. <u>शैक्षिक योग्यता र अनुभव:</u>**

१. नेपाली नागरिक ।
२. प्रविणता प्रमाणापत्र तह वा सो सरह उत्तिर्ण गरेको ।
३. दरखास्त दिने अन्तिम मिति सम्ममा १८ बर्ष उमेर पुरा भई ५१ वर्ष ननाघेको हुनुपर्ने ।
४. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

**३. छनौट प्राथमिकता**

क. शैक्षिक योग्यता

१. कानुनमा स्नातक गरी कानुन व्यवशायीको प्रमाणपत्र प्राप्त गरेको ।
२. कानुनमा स्नातक गरेको ।
३. कानुन बाहेकका कुनै पनि संकायमा स्नातक उतिर्ण गरेको ।
४. प्रविणता प्रमाणपत्र तह(+२) वा सो सरह उतीर्ण गरी कानुन व्यवसायीको प्रमाणपत्र प्राप्त गरेको ।

ख. शैक्षिक श्रेणी

ग. बासिन्दा

१. सम्बन्धित गाउँपालिकाको बासिन्दा
२. सम्बन्धित जिल्लाको बासिन्दा ।
३. सम्बन्धित जिल्ला भन्दा बाहिरको बासिन्दा ।

घ. महिला उम्मेदवार लाई प्राथमिकता

ङ. स्थानिय तहमा काम गरेको महिला उम्मेदवार

च. अन्तवार्ता ।

**४. दरखास्तमा संलग्न गर्नुपर्नेः** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यता र चारीत्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम वा अन्य निकायमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

**५. दरखास्त दिने अन्तिम मितिः २०७५।७।३० गते कार्यालय समय भित्र ।** उक्त दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट वा सो पछि कार्यालय खुलेको पहिलो दिन कार्यालय समय भित्र ।

**६. दरखास्त बुझाउने स्थानः** सुर्यगढी गाउपालिकाको कार्यलय **।**

**७. अन्तर्वार्ता मितिः** पछि निर्धारण भए बमोजिम हुनेछ ।

पुनश्चः थप जानकारीको लागि सम्पर्क नं. ०१० ६८००४२, ९७५१०२३३२६

प्रमुख प्रशासकीय अधिकृत